**"मीठे बच्चे– अन्तर्मुखी बनेर विचार सागर मन्थन गर्यौं भने खुशी र नशा रहन्छ।तिमी बाबा समान टिचर बन्छौ।"**

**प्रश्नः–** के को आधारमा भित्री खुशी स्थायी रहन सक्छ?

**उत्तरः–** स्थायी खुशी तब रहन्छ जब अरूको पनि कल्याण गरेर सबैलाई खुशी बनाउँछौ। दयावान् बन्यौ भने खुशी रहन्छौ। जो दयावान् बन्छन् उनको बुद्धिमा रहन्छ– ओहो, हामीलाई त सर्व आत्माहरूको पिताले पढाइरहनु भएको छ, पावन बनाइरहनु भएको छ, हामी विश्वको महाराजा बन्नेछौं! उनीहरूले यस्तो खुशीको दान गरिरहन्छन्।

**ओम् शान्ति।** रूहानी बाबा रूहानी बच्चाहरू सँग सोध्नुहुन्छ– बच्चे, यो ओम् शान्ति कसले भन्यो? (शिवबाबाले) हो, शिवबाबाले भन्नुभयो, किनकि बच्चाहरूलाई थाहा छ– उहाँ सबै आत्माहरूको पिता हुनु हुन्छ। भन्नुहुन्छ– म कल्प-कल्प यसै रथमा नै आएर पढाउँछु। अब उहाँ हुनुभयो पढाउनेवाला शिक्षक। शिक्षक आउँदा गुडमर्निङ्ग भन्छन् नि। बच्चाहरूले पनि भन्छन् गुडमर्निङ्ग। बच्चाहरूलाई थाहा छ– आत्माहरू सँग परमात्माले गुडमर्निङ्ग गर्नुहुन्छ। लौकिक रीतिले गुडमर्निङ्ग त धेरैले भन्ने गर्छन्। यहाँ त बेहदका बाबा हुनु हुन्छ, जसले आएर पढाउनु हुन्छ। बच्चाहरूलाई सारा वृक्ष अथवा ड्रामाको रहस्य सम्झाउनु हुन्छ। तिमीलाई थाहा छ– जति पनि सबै आत्माहरू छन्, सबैका बाबा आउनु भएको छ। बेहदका बाबाले हामीलाई पढाउनु हुन्छ, उहाँ हाम्रो बाबा, शिक्षक, गुरु हुनु हुन्छ– यो निश्चय सारा दिन बुद्धिमा रहोस्। उहाँलाई रचयिता पनि भनिन्छ– यो पनि सम्झनु पर्छ। आत्माहरूलाई रच्नुहुन्न। सम्झाउनु हुन्छ– म बीजरूप हुँ। यस मनुष्य सृष्टिरूपी वृक्षको ज्ञान तिमीलाई सुनाउँछु। बीज सिवाए यो ज्ञान कसले दिन सक्छ? यस्तो होइन, वृक्षलाई उहाँले रच्नु भएको हो। भन्नुहुन्छ– प्यारा बच्चाहरू! यो त अनादि हो। यदि रचेको भए त मैले तिथि-मिति सबैथोक बताउने थिएँ– कहिले र कसरी रचेँ। तर यो त अनादि रचना हो। बाबालाई ज्ञानका सागर भनिन्छ। जानी जाननहार अर्थात् वृक्षको आदि मध्य अन्त्यको रहस्य जान्नुहुन्छ। बाबा नै मनुष्य सृष्टिका बीजरूप हुनु हुन्छ, ज्ञानका सागर हुनु हुन्छ। उहाँमा नै सारा ज्ञान छ, उहाँ नै आएर बच्चाहरूलाई पढाउनु हुन्छ। सबै मानिसहरूले भनिरहन्छन्– शान्ति कसरी हुन सक्छ? तिमीले अहिले भन्दछौ– शान्ति त शान्तिका सागरले नै स्थापना गर्नुहुन्छ। उहाँ शान्ति, सुख र ज्ञानका सागर हुनु हुन्छ। कुनचाहिँ ज्ञान? सृष्टिको आदि मध्य अन्त्यको। तिनीहरूले त शास्त्रलाई पनि ज्ञान सम्झन्छन्। यसो त शास्त्र सुनाउनेहरू धेरै छन्। यहाँ बेहदका बाबा स्वयं आएर परिचय दिनु हुन्छ अनि सृष्टिको आदि मध्य अन्त्यको ज्ञान पनि दिनु हुन्छ। यो पनि सम्झन्छन्– उहाँ आएपछि नै शान्ति स्थापना हुन्छ। त्यहाँ हुन्छ नै शान्ति। शान्तिधाममा सबै शान्तिमा थिए, यो पनि कसैले जान्दैन। उनीहरू भनिरहन्छन्– यहाँ शान्ति कसरी हुन सक्छ? यहाँ थियो अवश्य। शान्ति चाहिन्छ राम राज्यको जस्तो। रामराज्य कहिले थियो– यो कसैलाई थाहा छैन। बाबा जान्नुहुन्छ– कति धेरै आत्माहरू छन्। म यी सबैको पिता हुँ। यस्तो अरू कसैले भन्न सक्दैन। जति पनि सबै आत्माहरू छन्, सबै यस समय यहाँ छन्। पहिले शान्तिधाममा थिए फेरि सुखधामबाट दु:खधाममा आएका हुन्। सुख-दु:खको यो खेल कस्तो बनेको छ– यो कसैले जान्दैन। यत्तिकै केवल भनिदिन्छन्– आवागमनको खेल हो। त्यसैले अब तिमी बच्चाहरूको बुद्धिमा छ– उहाँ हामी सबै आत्माहरूको पिता हुनु हुन्छ। उहाँले हामीलाई ज्ञान सुनाइरहनु भएको छ। उहाँ आएर स्वर्गको राज्य स्थापना गर्नुहुन्छ। हामीलाई पढाउनु हुन्छ। भन्नुहुन्छ– बच्चे, तिमी नै देवता थियौ। यसरी त अरू कसैले पनि भन्दैनन्, सबै आत्माहरूको बाबाले तिमीलाई पढाउनु हुन्छ। कति ठूलो बेहदको नाटक छ, उनीहरूले लाखौं वर्ष भनिदिन्छन्। तिमीले भन्दछौ– यो ५ हजार वर्षको खेल हो। अब तिमीले बुझिसकेका छौ– शान्ति दुई प्रकारका छन्, पहिलो छ– शान्तिधामको, दोस्रो छ सुखधामको। यो तिमी बच्चाहरूको बुद्धिमा छ– सबै आत्माहरूको पिताले हामीलाई पढाउनु हुन्छ। यो त कुनै शास्त्रहरूमा पनि छैन। बेहदका बाबा हुनु हुन्छ नि। सबै धर्मकाले उहाँलाई अल्लाह, गड फादर, प्रभु आदि-आदि भन्छन्। उहाँको पढाइ पनि अवश्य यति उच्च हुनु पर्छ। यो सारा दिन मनमा रहनु पर्छ। बाबा भन्नुहुन्छ– मैले तिमीलाई नयाँ कुरा सुनाउँछु। नयाँ ढंगले पढाउँछु। तिमीले फेरि अरूलाई पढाउँछौ। भक्ति मार्गमा देवीहरूको पनि धेरै मान छ। वास्तवमा यी ब्रह्मा पनि बडी माँ हुन्। शिवलाई त केवल पिता मात्र भनिन्छ। माता-पिता फेरि यिनलाई भनिन्छ। यी माताद्वारा बाबाले तिमीलाई गोदमा लिनु हुन्छ। बच्चे-बच्चे भनिरहनु हुन्छ। बाबा भन्नुहुन्छ– म हरेक ५

हजार वर्षपछि तिमीहरूलाई यो ज्ञान सुनाउँछु। यो चक्र पनि तिम्रो बुद्धिमा छ। तिमी एक-एक अक्षर नयाँ सुन्छौ। ज्ञान सागर बाबाको हो रूहानी ज्ञान। बाबा नै ज्ञानका सागर हुनु हुन्छ। आत्माले भन्छ बाबा। बच्चाहरूले पनि सबै कुरा राम्रो सँग बुद्धिमा धारण गर्छन्। अन्तर्मुखी भएर यस प्रकार जब विचार सागर मन्थन गर्छौ भने त्यो खुशी र नशा रहन्छ। मुख्य शिक्षक त शिवबाबा हुनु हुन्छ। उहाँले फेरि तिमीलाई शिक्षक बनाउनु हुन्छ। तिमीहरूमा पनि नम्बरवार छौ। बाबा जान्नुहुन्छ– यो बच्चाले धेरै राम्रो सँग पढाउँछ। सबै खुशी हुन्छन्। भन्दछन्– यस्तो बाबाको पासमा हामीलाई छिटो लैजाउनुहोस्, जसले तपाईंहरूलाई यस्तो बनाउनुभयो। बाबाले बताउनु हुन्छ– म यिनको धेरै जन्मको अन्तिम जन्मको पनि अन्त्यमा यिनमा प्रवेश गरेर तिमीलाई पढाउँछु। कल्प-कल्प म कति पटक आएँ होला! तिमी यो नयाँ कुरा सुनेर आश्चर्य मान्दछौ। बेहदका बाबाले हामीलाई पढाउनु हुन्छ। उहाँको भक्ति मार्गमा कति नाम छन्। कसैले परमात्मा, राम, प्रभु, अल्लाह... भन्छन्। एउटै शिक्षकलाई हेर कति नाम राखिदिएका छन्। शिक्षकको त एउटै नाम हुन्छ। अनेक हुन्छन् र? कति धेरै भाषाहरू छन्। कसैले खुदा, कसैले गड, के-के भनिदिन्छन्। स्वयं सम्झनु हुन्छ– म आएको छु बच्चाहरूलाई पढाउन। जब पढेर देवता बन्छौ, तब विनाश हुन्छ। अहिले त पुरानो दुनियाँ हो, यसलाई नयाँ कसले बनाउँछ? बाबा भन्नुहुन्छ– मेरो पनि पार्ट छ। म ड्रामाको वशमा छु। यो पनि बच्चाहरूले जानेका छन्– भक्तिको कति विस्तार छ। यो पनि खेल हो। आधाकल्प भक्तिलाई लाग्छ। अब फेरि बाबा आउनु भएको छ, हामीलाई पढाउनेवाला पनि उहाँ नै हुनु हुन्छ। उहाँ शान्ति स्थापना गर्नेवाला पनि हुनु हुन्छ। जब यी लक्ष्मी-नारायणको राज्य थियो, त्यतिबेला शान्ति थियो। यहाँ छ अशान्ति, बाबा एक हुनु हुन्छ। आत्माहरू कति धेरै छन्। कति अचम्मको खेल छ। सबै आत्माहरूको पिताले हामीलाई पढाइरहनु भएको छ, कति खुशी हुनु पर्छ।

तिमीले बुझेका छौ– गोप-गोपिनी त हामी नै हौं अनि गोपी वल्लभ शिवबाबा हुनु हुन्छ। केवल आत्माहरूलाई गोप-गोपिनी भनिदैन। शरीर छ तब नै गोप-गोपिनी अथवा भाइ-बहिनी भनिन्छ। गोपी वल्लभ शिवबाबाका सन्तान हौं। गोप-गोपिनी अक्षर नै मीठो छ। गायन पनि छ– अच्यूतम् केशवम्, गोपी वल्लभम्, जानकी नाथम्... यो महिमा पनि यस समयको हो। तर नजान्नाको कारण सबै कुरा गोलमाल बनाइदिएका छन्। बाबा बसेर विश्वको इतिहास भूगोल सुनाउनु हुन्छ। तिनीहरूले त केवल यी खण्डहरूलाई जान्दछन्। सत्ययुगमा कसको राज्य थियो, कति समय चल्यो– यो जान्दैनन् किनकि कल्पको आयु लाखौं वर्ष भनिदिएका छन्। एकदमै घोर अन्धकारमा छन्। अब बाबा आएर तिमीलाई सृष्टि चक्रको ज्ञान दिनु हुन्छ, जसलाई जानेपछि तिमी त्रिकालदर्शी, त्रिनेत्री बन्छौ। यो पढाइ हो। बाबा स्वयं भन्नुहुन्छ– म कल्प कल्प, कल्पको संगमयुगमा आएर तिमीलाई पुरुषोत्तम बनाउँछु। नम्बरवार तिमी नै बन्छौ। पढाइबाटै पद मिल्छ। तिमीलाई थाहा छ– हामीलाई बेहदका बाबाले पढाउनु हुन्छ। उनीहरूले भनिदिन्छन्– परमात्मा नाम रूपबाट अलग हुनु हुन्छ, ढुङ्गा-माटोमा हुनु हुन्छ। के के भनिरहन्छन्। देवीहरूलाई पनि कति हातहरू दिएका छन्। रावणलाई १० शिर दिन्छन्। त्यसैले तिमी बच्चाहरूको दिलमा आउनु पर्छ– सबै आत्माहरूको पिताले हामीलाई पढाउनु हुन्छ, पावन बनाउनु हुन्छ भने भित्र कति खुशी हुनु पर्छ। तर त्यो खुशी पनि तब आउँछ, जब फेरि अरूको कल्याण गरेर सबैलाई खुशी गर्नेछौ, दयावान् बन्छौ। ओहो, बाबाले हामीलाई विश्वको महाराजा बनाइदिनु हुन्छ! राजा, रानी, प्रजा सबै विश्वको मालिक बन्छन् नि। त्यहाँ मन्त्री हुँदैनन्। अहिले राजाहरू छैनन् त्यसैले मन्त्री नै मन्त्रीहरू छन्। अहिले त प्रजाको प्रजामाथि राज्य छ, त्यसैले घरी-घरी यो बुद्धिमा आउनु पर्छ– बेहदका बाबाले हामीलाई के पढाउनु हुन्छ। जसले राम्रो सँग पढ्छ, ऊ नै पहिले आउँछ र उच्च पद पाउन्छ। यी लक्ष्मी नारायण यति धनवान् कसरी बने? के गरे? भक्ति मार्गमा कोही धेरै धनवान् हुन्छ भने सम्झिइन्छ– यसले यस्तो कुनै श्रेष्ठ कर्म गरेको हुनु पर्छ। ईश्वर अर्थ दान पुण्य पनि गर्छन्। सम्झन्छन्– यसको बदलामा हामीलाई धेरै चीज मिल्छ। त्यसैले अर्को जन्ममा धनवान् बन्न पुग्छन्। तर उनले दिन्छन् इन्डाइरेक्ट, जसबाट अल्पकालको लागि केही मिल्छ। अब बाबा डाइरेक्ट आउनु भएको छ। सबैले उहाँलाई याद गर्छन्, आएर पावन बनाउनुहोस्। यस्तो भन्दैनन् कि यो ज्ञान दिएर यस्तो लक्ष्मी-नारायण हामीलाई पनि बनाउनुहोस्। मानिसहरूको बुद्धिमा त कृष्ण नै याद आउँछ। बाबालाई नजान्नाको कारण कति दुःखी हुन्छन्। अब बाबा तिमीलाई दैवी सम्प्रदायको बनाउनु हुन्छ। तिमी शान्तिधाम गएर फेरि सुखधाममा आउँछौ। बाबा कति राम्रो सँग सम्झाउनु हुन्छ। सुन्न त सुन्छन् तर सुने पनि नसुने जस्तै छन्। पत्थरबुद्धिबाट पारसबुद्धि हुँदै हुँदैनन्। सारा दिन बाबाको नै याद रहनु पर्छ। स्त्रीहरू पतिको पछि कसरी प्राण दिन्छन्। स्त्रीको धेरै प्रेम रहन्छ। यहाँ त तिमीहरू सबै बच्चाहरू हौ। फेरि पनि नम्बरवार त छन् नि।

तिमीलाई थाहा छ– यस्ता बेहदको बाबालाई हामी घरी-घरी बिर्सिन्छौ। बाबा भन्नुहुन्छ– मलाई याद गरेमा तिम्रो विकर्म विनाश हुन्छ। फेरि पनि बिर्सिन्छौ। अरे यस्तो बाबा, जसले तिमीलाई विश्वको मालिक बनाउनु हुन्छ, उहाँलाई तिमी भुल्छौ किन? मायाको तुफानमा आउँछौ फेरि पनि तिमी कोशिश गरिराख। बाबालाई याद गरेमा वर्सा मिल्छ। स्वर्गवासी देवता त सबै बन्छन्। बाँकी सजाय खाएर फेरि बन्छन्। फेरि पद पनि धेरै कम हुन्छ। यी सबै नयाँ कुरा हुन्। ध्यानमा तब आउँछ, जब बाबालाई, टिचरलाई याद गरिरहनेछौ। तिमीले टिचरलाई पनि भुल्छौ। बाबा भन्नुहुन्छ– जबसम्म म छु, विनाशको समय आउँदैन, सबैथोक यस ज्ञान यज्ञमा स्वाहा हुँदैन, पढाइ चलि नै रहन्छ। तिमीले भन्नेछौ– पढाउन त सबैथोक पढाउनु भएको हो, फेरि के पढाउनु होला? बाबा भन्नुहुन्छ– नयाँ नयाँ प्वाइन्ट निस्किरहन्छन्। तिमी सुनेर खुशी हुन्छौ नि। त्यसैले राम्रो सँग पढ अनि सुदामाले जस्तै ट्रान्सफर गर्नु छ, त्यो पनि गर्दै गर। यो पनि धेरै ठूलो व्यापार हो। बाबा व्यापारमा धेरै फराकदिल थिए। रुपैयामा एक आना धर्माऊ निकाल्थे। घाटा पनि पर्थ्यो किनकि सबै भन्दा पहिले मैले राख्नु पर्थ्यो। भन्थे– तपाईंले जति धेरै राख्नुहुन्छ तपाईंलाई देखेर सबैले राख्नेछन्। त्यसैले धेरैको कल्याण हुन्छ। त्यो थियो भक्तिमार्ग, यहाँ त सबैथोक बाबालाई दिइसकें। बाबा यो सबैथोक लिनुहोस्। बाबा भन्नुहुन्छ– तिमीलाई सारा विश्वको वादशाही दिन्छु। विनाशको साक्षात्कार, चतुर्भुजको पनि साक्षात्कार भयो। त्यसपछि समझमा आयो– म विश्वको मालिक बन्नेछु। बाबा प्रवेश गर्नु भएको थियो नि। विनाश देखें। यो दुनियाँ खत्तम भइरहेको छ, यो धन्धा आदि किन गरुँ? छोडिदिएँ गदाइलाई। मलाई राजाई मिलिरहेको छ। अब बाबाले तिमीलाई सम्झाइरहनु भएको छ– सारा पुरानो दुनियाँ विनाश हुँदैछ। तिमीलाई कुम्भकर्णको निद्राबाट जगाउने कति पुरुषार्थ गराइरहनु भएको छ, तैपनि तिमी जाग्दैनौ। त्यसैले बच्चाहरूले एक बाबालाई नै याद गर्नु छ। सबैथोक बाबालाई दिएपछि त अवश्य एक बाबाकै याद आउँछ। तिमी बच्चाहरूले धेरै याद गर्न सक्छौ, जसको शिरमाथि मामला... कति बाँधेलीहरूको समाचार आउँछ। बाबालाई ख्याल आउँछ– विचारीहरूले कुटाइ खान्छन्। पतिले कति सताउँछन्। सम्झनु हुन्छ ड्रामा छ, मैले के नै गर्न सक्छु र। कल्प पहिले पनि अबलाहरूमाथि अत्याचार भएको थियो। नयाँ दुनियाँ त स्थापना हुनु नै छ। बाबा त भन्नुहुन्छ– धेरै जन्मको अन्तिम जन्मको पनि अन्त्यमा मैले प्रवेश गर्छु। त्यसैले अवश्य हामी नै गोरा थियौं, अहिले काला बनेका छौं। म नै पहिलो नम्बरमा जानेछु। म गएर कृष्ण बन्नेछु। यस चित्रलाई देख्छु, तब विचार आउँछ– गएर यो बन्नेछु। बाबा बच्चाहरूलाई कति राम्रो सँग सम्झाउनु हुन्छ, अब बच्चाहरूको काम हो आफूले बुझेर अरूलाई सम्झाउने। अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) हामी गोपी-वल्लभका गोप-गोपिनी हौं– यस खुशी वा नशामा रहनु छ। अन्तर्मुखी बनेर विचार सागर मन्थन गरेर बाबा समान टिचर बन्नु छ।

२) सुदामाले जस्तै आफ्नो सबैथोक ट्रान्सफर गर्नुको साथसाथै पढाइ पनि राम्रो सँग पढ्नु छ। विनाश हुनु भन्दा पहिला बाबा सँग पूरा वर्सा लिनु छ। कुम्भकर्णको निद्रामा सुतेकालाई जगाउनु छ।

**वरदानः–** त्रिकालदर्शी बनेर दिव्य बुद्धिको वरदानलाई कार्यमा लगाउने सफलता सम्पन्न भव

बापदादाले हरेक बच्चालाई दिव्य बुद्धिको वरदान दिनु भएको छ। दिव्य बुद्धिद्वारा नै बाबालाई, आफूलाई र तीनै काललाई स्पष्ट जान्न सक्छौ। सर्व शक्तिहरूलाई धारण गर्न सक्छौ। दिव्य बुद्धिवाला आत्माले कुनै पनि संकल्पलाई कर्म वा वाणीमा ल्याउनु भन्दा पहिला हरेक बोली वा कर्मको तीनै काललाई जानेर व्यवहारमा आउँछ। उसको अगाडि भूत र भविष्य पनि यस्तो स्पष्ट हुन्छ, जति वर्तमान स्पष्ट छ। यस्तो दिव्य बुद्धिवाला त्रिकालदर्शी हुनुको कारण सधैं सफलता सम्पन्न बन्छ।

**स्लोगनः–** सम्पूर्ण पवित्रतालाई धारण गर्नेले नै परमानन्दको अनुभव गर्न सक्छ।